नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

# सिरहा

**शिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वान**

**प्रथम पटक प्रकाशित मिति २०७३/३/३१**

स्थानीय स्वायत्त शासन ऐन, २०५५, को दफा २१५ र २१८ (दोस्रो संशोधन सहित) र नियमावली २०५६ को नियम २०७ बमोजिम जिल्ला विकास समितिले लगाउन सक्ने कर दस्तुर र सेबा शुल्क असूल गर्न आ.व. २०७३/०७४ को लागि देहाय बमोजिमका शिर्षकहरूमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र प्रचलित कानून बमोजिम रजिष्टर्ड भई स्थायी लेखा नं. तथा मू.अ.कर दर्ता प्रमाणपत्र लिएका इच्छुक फर्म/कम्पनिहरूले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी तपसिलका शर्तको अधिनमा रहि शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| *ठे. नं.* | *ठेक्का विवरण* | *न्यूनतम अंक (मू.अ.कर समेत)* | *बोलपत्र/दरभाउ पत्र फाराम दस्तुर* |
|---|---|---|---|
| | ***बोलपत्र*** | | |
| | ***खोला नालाको ढुंगा, गिट्टी, बालुवा, पूरुवा माटो ,रोडा विक्री कर*** | | |
| १ | जिल्ला भित्रका खुट्टी खोला, गागन खोला, घुर्मी खोला, सर्रे खोला र मैनावती खोला | १७८६७८७६।८६ | ३०००।०० |
| २ | कमला नदीको वालुवा, ढुंगा, गिट्टी, रोडा, भरौटे विक्री कर | ३५८२१०१।०० | १०००।०० |
| ३ | बलान खोलाको वालुवा, ढुंगा, गिट्टी, रोडा, भरौटे विक्री कर | ११२६७८६।०० | १०००।०० |

***शर्तहरु :-***

१. जि.वि.स.को कार्यालय, सिरहा बाट पछि फिर्ता नहुने गरी माथि उल्लेखित दस्तुर तिरी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र आफूले कबोल गरेको कूल ठेक्का अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको रा.बा.बैंक, सिरहामा रहेको धरौटी खाता नं. ग-३-३१०७ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट ठेक्का नं. र ठेक्काको नाम स्पष्ट उल्लेख गरि यस कार्यालयको नाममा जारी भएको कम्तिमा ६ महिना म्याद भएको बिडवण्ड संलग्न गरी शिलवन्दी बोलपत्र जि.वि.स.को कार्यालय, सिरहामा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका वोलपत्र सोहि दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता/प्रतिनिधी उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद, दर्ता र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सम्बन्धित कार्यहरु सो को भोलिपल्ट गरिनेछ ।

४. बोलपत्रदाताले बोलपत्र साथ फर्म/संस्था/कम्पनि दर्ताको प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्वर तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७१/०७२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु पेश गर्नुपर्नेछ । प्रतिलिपि नोटरी पब्लिक ऐन बमोजिम अनिवार्य रुपमा प्रमाणित भएको हुनुपर्नेछ । साथै बोलपत्र फाराम साथ स्व घोषना पत्र अनिवार्य पेश गर्नु पर्ने छ ।

५. बोलपत्र फारामसाथ बोलपत्रदाता वा निजले अख्तियारी प्रदान गरेको प्रतिनिधि भए सो प्रतिनिधिको घरमा शौचालय रहे/नरहेको सम्वन्धमा सम्वन्धित गा.वि.स./न.पा.बाट प्रमाणित गरिएको पत्र अनिवार्य समावेश गर्नुपर्नेछ ।

६. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । बोलपत्रदाताले बोलपत्र फारममा मात्र कवोल अंक लेख्नुपर्नेछ । बोलपत्र फारम भन्दा अन्यत्र कवोल गरिएको अंकलाई मान्यता दिईनेछैन् ।

७. यस कार्यालयबाट लगाईने सम्पूर्ण ठेक्का वापतको रकम ठेकेदारले कबोल गरेको रकम एकमुष्ठ रुपमा वा किस्ता बन्दीमा बुझाउन सकिनेछ । ठेकेदारले संझौताको समयमा सम्पूर्ण कबोल रकम एकमुष्ट बुझाएमा औचित्य हेरी वढीमा कवोल अंकको १० प्रतिशतसम्म छुट दिन सकिनेछ । किस्तावन्दीमा रकम बुझाउने भए प्रथम किस्ता वापतको रकम सम्झौता गर्नु अगाबै बुझाउनु पर्नेछ । बाँकी दोश्रो र तेश्रो किस्ताको रकमको हकमा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको कम्तीमा २०७४ श्रावण मसान्तसम्म म्याद भएको परफरमेन्स बण्ड पेश भएपछि सम्झौता गरी चलन पूर्जि दिईनेछ । तोकिएको म्यादमा किस्ता रकम नबुझाएमा नियमानुसार हर्जना सहित असुल गरिनेछ ।

८. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रपत्रिकामा सूचना प्रकाशन गरेको वा घरदैलोमा टाँस भएको मितिले ७ दिन भित्र सम्झौता गर्न नआएमा निजको धरौटी रकम जफत गरी नियमानुसार अन्य वोलपत्र स्वीकृती गर्ने वा पुनः बोलपत्र आह्वान गर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

९. ठेकेदारले जि.वि.स.लाई क्रम संख्या ७ बमोजिमको रकम बुझाउँदा मूल्य अभिवृद्धि कर र अग्रीम कर वापतको रकम कबोल अंकमा समावेश गरिएको हुँदा रकम बुझाउदा उक्त रकम कटाउन पाउने छैन । उक्त रकम जि.वि.स.ले सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा वुझाउनेछ । सो बाहेक नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित ऐन, नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ र ठेक्का रकमबाट कटाउन पाईने छैन ।

१०. नेपाल सरकार, अदालत तथा जिल्ला विकास समितिले समय-समयमा दिएका नीति निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ ।

११. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा जिल्ला विकास समितिको निर्णय अन्तिम हुनेछ ।

१२. जि.वि.स.लाई बक्यौता रकम बुझाउन बाँकी भएका व्यक्ति, फर्म वा कम्पनि र सो फर्म वा कम्पनिका ब्यक्ति वा प्रतिनिधिहरु संलग्न कुनै पनि फर्म वा कम्पनिलाई बक्यौता रकम नबुझाएसम्म वोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन ।

१३. बोलपत्रदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।

१४. ठेक्का अवधि सम्झौता भएको मिति देखि लागू भई २०७४ जेष्ठ मसान्तसम्म हुनेछ । ठेकेदारले संझौताको वर्खिलाप गरेमा कार्यालयले ठेकेदारसंगको संझौता जुनसुकै बखत तोड्न सक्नेछ । यसरी ठेक्का तोडेको कारण कार्यालयलाई कुनै हानी नोक्सानी भएमा सोको क्षतिपूर्ति समेत ठेकेदारबाट असुल गरिनेछ ।

१५. ठेक्का अवधिमा ठेकेदारले ठेक्का तोडन पाउने छैन । कथमकदाचित विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठन गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१६. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्वीकृत गरेको IEE प्रतिवेदनमा तोकिएको परिमाणको परिधि भित्र रहि खोला नदीनाला बाट ढुंगा, वालुवा, गिटी, रोडा, पूरुवा माटो २०७३ असोज १ गतेवाट उत्खनन् संकलन तथा विक्रि वितरण गर्न पाउने छ ।

१७. ठेक्का नं. २ कमला नदी र ठेक्का नं. ३ बलान खोलाको ढुंगा, गिट्टी, बालुवा, रोडा, माटो विक्री सम्वन्धी ठेक्का क्रमश: जि.वि.स.को कार्यालय, धनुषा र सप्तरी तथा यस कार्यालयबाट संयुक्त रुपमा लगाइने हुँदा दुई कार्यालय मध्ये जुन कार्यालयमा नियमानुसार बढी अंक कवोल गर्ने बोलपत्र पेश हुन्छ, सोहि वोलपत्र स्वीकृत हुनेछ ।

१८. जिल्ला स्थित IEE सम्पन्न भई सकेका ठेक्का नं.१ मा उल्लेखित खोलाहरुको एक मुष्ट न्युनतम अंक राखिएको हुँदा कुल कबोल अंकको जि.वि.स.ले तोकेअनुसारको खोला पिच्छे प्रतिशत भार ( Weitage ) रहने छ ।

१९. शर्त राखी पेश गरेका, रीत नपुगेका र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुनेछैन । ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

२०. माथि उल्लेखित वाहेक बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ ।

२१. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

२२. खोला पिच्छे संकलन केन्द्रहरुमा जिल्ला विकास समिति सिरहाले तोकि दिएको दर रेट अनुसारको होर्डिग वोर्ड अनिवार्य राख्नु पर्ने छ ।

२३. यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

नोट :- यो सूचना कार्यालयलयको Website-www.ddcsiraha.gov.np मा समेत हेर्न सकिने छ ।